# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०१।१३

### प्रेस विज्ञप्ति

किन समाचार लेखेको भन्दै पत्रकार अजयकुमार साहलाई महोत्तरीस्थित साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष भोजप्रसाद फुँयाल (शंकर) ले दुर्व्यवहार गर्दै हातपातको प्रयास गरेकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

उक्त संस्थासँग सम्बन्धित समाचारको निहुँमा यही वैशाख १० गते साहमाथि यस्तो व्यवहार भएको हो । फुँयालले पत्रकारलाई दुर्व्यवहार गरिरहेको भिडियो खिच्ने पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महत्तोमाथि पनि दुर्व्यवहार भएको महासंघ महोत्तरी शाखाले जनाएको छ ।

फेसबुक लाइभबाट महतोमाथिसमेत अनेकन आधारहीन लाञ्छना लगाउँदै मानमर्दन गर्ने अभिव्यक्ति दिएको शाखाको भनाइ छ ।

समाचारमा असहमति भए विधिसम्मत समाधान खोज्न सकिनेमा फुँयालले हुलहुज्जत गर्नु निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको अपराध हो ।

महासंघ यो घटनाको छानबिन गरी दोषीउपर कानुनी कारबाहीका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

यस्तै सञ्चारकर्ममा खटिएका पत्रकार कमल प्रसाइलाई आक्रमण गरी घाइते बनाएको घटनाप्रति महासंघको ध्यानाकर्षण भएको छ ।

यही वैशाख १२ गते काठमाडौं उपत्यकाको मनोहरा सुकुमबासी बस्ती भत्काइरहेको अवस्थाको समाचार संकलनका क्रममा साँझ ७ बजेतिर आक्रोशित समूहले प्रसाइमाथि आक्रमण गर्दा नाक र कानमा चोट लागेको उनी कार्यरत अनलाइन खबरले जनाएको छ । सो क्रममा प्रसाइको क्यामेराका मेमोरी कार्डसमेत लुटिएको थियो ।

नागरिकलाई सुसूचित गर्ने संवैधानिक दायित्व निर्वाह गर्दा भएको यो आक्रमण निन्दनीय र प्रेसविरोधी छ । महासंघ यो अपराधिक कार्यमा संलग्नलाई तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन सम्बन्धित निकायसँग माग गर्दछ ।

**रामप्रसाद दाहाल**

**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org